नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोट
(कार्यक्षेत्रः नुवाकोट र रसुवा जिल्ला)

फोन नं.: ०१०-५६०२१६, ०१०-५६०४०
इमेल : pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: www.piunuwakot.pmamp.gov.np

प.सं.- २०८३/८४
सू.नं.- ७

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३१ गते

प्रस्तुत विषयमा यस कार्यक्रम कार्यान्वयन एकाइ नुवाकोटको कार्यालय सञ्चालन प्रयोजनका लागी विदुर नगरपालिका वडा नं. २ र ४ अन्तरगत बट्टार वा बिदुर क्षेत्रको मुख्य सडक बाहेक भित्रि सडकहरुमा बनेको घर भाडामा लिनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख गरिए अनुसार शर्तहरु मापदण्ड पुरा भएको घर भाडामा दिन ईच्छुक घरधनीले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित रु. १० को टिकट टाँसी रितपूर्वक सिलबन्दी निवेदन यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. घर बनेको जग्गाको जग्गा धनी पूर्जा प्राप्त गरेको हुनुपर्ने।
२. कम्तीमा १० देखी १२ वटा कोठा भएको पक्की घर हुनुपर्ने।
३. शौचालय, स्नान कक्ष, विद्युत, भान्सा कोठा तथा पानीको उचित व्यवस्थापन भएको हुनुपर्ने।
४. सुरक्षित कम्पाउण्ड वाल भएको, चार पाङ्ग्रे, दुई पाङ्ग्रे सवारी साधन पार्किङको लागि पर्याप्त स्थान भएको हुनुपर्ने।
५. भाडामा दिने घरको नक्सा पास भएको हुनुपर्ने।
६. घर धनीले घर भाडामा दिन चाहेको मूल्य नेपाली रुपैयाँमा उल्लिखित भएको निवेदन।
७. घर र पार्किङ क्षेत्र बाहेक नमुना किचेन गार्डेन निर्माणको लागि केहि खालि ठाँउ भएको हुनुपर्ने।

आवश्यक कागजातहरुः

१. घर धनीले घर भाडामा दिन चाहेको मूल्य नेपाली रुपैयाँमा उल्लिखित भएको निवेदन ।
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
४. कित्ता नं खुलेको नापी नक्साको प्रतिलिपी।
५. हालसम्म तिरो तरेको रसिदको प्रतिलिपी।
६. घर निर्माण सम्पन्न प्रमाण-पत्र को प्रतिलिपि।

पुनश्चः कार्यालय घर भाडामा लिने/नलिने सम्वन्धी संपूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

*नोटः निवेदन यस कार्यालयको सम्पर्क स्थान बिदुर नगरपालिका वडा नं. २ नेपाल बैंक पछाडी कुमार बोगटिको घरमा पेश गर्न सक्नुहुनेछ।*

रविन्द्र पौडेल
वरिष्ठ कृषि अधिकृत